गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय, गोरखा

## पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/१७**

**प्रदेश जनस्वास्थ्य कार्यालय गोरखा अन्तर्गत स्वास्थ्य सेवा प्रवाहका लागि तपसिलका पदहरुमा "सेवा करारमा लिने सम्बन्धी कार्यविधि, २०७९" बमोजिम चालु आ.व. २०८३/०८४ को असार मसान्तसम्मका लागि सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ।**

तपसिलः

| क्र.स. | विज्ञापन नं. | पद | तह | न्यूनतम शैक्षिक योग्यता | निकाय | माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | १/०८३-०८४ | मेडिकल अधिकृत | आठौं | लोकसेवा आयोगले तोकेको न्यूनतम योग्यता पूरा भई नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको। | जिल्ला स्थित तोकिएका निकाय | १ |

**नोटः**

**१. दरखास्त फारामः** यस कार्यालयको वेबसाइट **hogorkha.gandaki.gov.np** मा दिइएको "सेवा करारमा चिकित्सक र स्वास्थ्यकर्मि व्यवस्थापन कार्यविधि, २०७९" को अनुसुचि फाराम नं. १ डाउनलोड गरी प्रष्ट भरेर दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु सहित प्रदेश जनस्वास्थ्य कार्यालय गोरखामा दरखास्त पेश गर्नुपर्नेछ।

**२. दरखास्त फारामसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

**क.** उम्मेदवारको अध्यावधिक व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, एस.एल.सी. देखि माथि शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, व्यावसायिक परिषदले कायम रहेको/नवीकरण गरिएको सम्बन्धित काउन्सिलको दर्ता प्रमाण-पत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रका काम गरेको अनुभव र तालिमका प्रमाण पत्रहरुको प्रतिलिपि।

**ख.** दरखास्त साथ पेश गरिने प्रमाणपत्रको प्रतिलिपिमा सम्बन्धित उम्मेदवारले स्वयम् प्रमाणित गरी पेश गर्नु पर्नेछ।

**ग.** दरखास्त दिने अन्तिम दिन भित्र माथि (क.) मा उल्लेखित सम्पूर्ण कागजात एवं प्रमाणपत्र हासिल गरिसकेको हुनुपर्नेछ। साथै समकक्षता खुलाउनुपर्ने आवश्यक भएमा सो समेत खुलेको कागजात पेश गर्नुपर्नेछ। रित नपुगेको, म्याद नाघेको तथा शर्त सहितको आवेदन दस्तुर हुनेछ।

**३. दरखास्त दस्तुरः** आठौं तहको लागि रु. **१२००/- (एकहजार दुईसय)** दस्तुर बुझाउनुपर्नेछ।
*(नोटः दरखास्त दस्तुर बुझाएको सक्कल भौचर आवेदन फारामसँग पेश गर्नुपर्नेछ।)*

**क.** कार्यालयको नामः प्रदेश जनस्वास्थ्य कार्यालय,गोरखा
**ख.** कार्यालयको कोड नं.: **३७००१३६०१४**
**ग.** राजश्व शीर्षक नं.: **१४२२४ (परीक्षा शुल्क)**
**घ.** बैंक खाता नं.: १०००१००२०१०१०००४ *(सम्बन्धित जिल्लाको सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंक)*

**४. दरखास्त दिने अन्तिम मितिः २०८३/०६/०१ गते बिहिबार कार्यालय समयभित्र।** उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट सम्म हुनेछ
**५. तलबः** प्रचलित कानून बमोजिम सम्बन्धित तहको सुरु तलब स्केल मात्र उपलब्ध हुनेछ।
**६. अवधिः** चालु आ.व. **२०८३/०८४** को लागि आषाढ मसान्तसम्म।

**पदपूर्तिका लागि आवश्यक योग्यताः**

**क.** नेपाली नागरिक हुनुपर्नेछ।
**ख.** उमेरको हद ननाघेको हुनुपर्नेछ (पुरुष आवेदकको हकमा ४० वर्ष, महिला आवेदकको हकमा ४५ वर्ष)
**ग.** भ्रष्टाचार तथा फौजदारी अभियोग सम्बन्धी मुद्दामा अदालतबाट सजाय नपाएको हुनुपर्नेछ।
**घ.** भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य हुने गरी बर्खास्त नभएको हुनुपर्नेछ।

**७.** अन्य जानकारीका लागि कार्यालयको फोन नं. [ ०६४-४२०११९ ] तथा वेबसाइट **hogorkha.gandaki.gov.np** मा हेर्न हुन अनुरोध छ।

**पदपूर्ति, अन्तर्वार्ता तथा सिफारिस समिति**

जनस्वास्थ्य प्रशासक